# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।०९।२३ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला पर्सा, छिपहरमाई गाउँपालिकाका कर्मचारी र निर्माण व्यवसायीको मिलेमतोमा जिल्ला पर्सा, छिपहरमाई गाउँपालिकाले ठेक्का नं. १८/२०७९/०८०, १९/२०७९/०८० र २०/२०७९/०८० को लागि बोलपत्र आह्वान सम्बन्धी सूचना मिति २०७९/१०/१७ गते र ठेक्का नं. २१/०७९/०८० र २२/०७९/०८० को लागि मिति २०७९/११/१९ गतेको सौर्य दैनिक पत्रिकामा सूचना प्रकाशन गरेको भनिएको तर तत् तत् दिनको सो पत्रिकामा कुनै किसिमको सूचना प्रकाशन भएको नदेखिएकोले आवश्यक छानविन हुन भन्नेसमेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा छिपहरमाई गाउँपालिकाको आ.ब. २०७९/०८० को लागि मिति २०७९/१०/०२ गते खानेपानीको लागि ट्यूववेल जडान कार्यक्रम, मिति २०७९/१०/०३ गते छिपहरमाई स्टेडियम निर्माण कार्यक्रम, मिति २०७९/१०/०४ गते चार(४) कोठे भवन निर्माण, कार्यक्रमको लागि बोलपत्रको सूचना राष्ट्रिय स्तरको **सौर्य दैनिक (Saurya National Daily)** पत्रिकामा मिति २०७९/१०/१७ गते सूचना प्रकाशन गर्ने निर्णय भएको देखिएको, मिति २०७९/१०/१६ गते छिपहरमाई गाउँपालिकामा खरिद इकाई समितिको निर्णयमा चालु आ.व. २०७९/०८० को लागि खानेपानीको लागि ट्युवेल जडान गर्ने, छिपहरमाई स्टेडियम निर्माण र ४ कोठे भवन निर्माण कार्यक्रमको लागि वोलपत्रको सूचना राष्ट्रिय स्तरको सौर्य दैनिक (Saurya National Daily) पत्रिकामा मिति २०७९/१०/१७ गते प्रकाशन गर्ने निर्णय गरी मिति २०७९/१०/१६ गते नै गाउँपालिका अध्यक्ष मनोज कुमारले टिप्पणी आदेश सदर गरी वोलपत्र आह्वानको सूचना प्रकाशनको लागि के.एस. मल्टिपर्पोज प्रा.लि. वीरगंज, पर्सालाई कार्यादेश एवं बोलपत्र आह्वानको सूचना प्रकाशन गर्न विज्ञापन एजेन्सीलाई राष्ट्रसेवक कर्मचारीको तहबाट पत्राचार हुनुपर्नेमा बदनियतपूर्ण तवरले जनप्रतिनिधि गाउँपालिकाका अध्यक्ष मनोज कुमारले आफैं पत्राचार गरेको देखिएको, मिति २०७९/१०/१७ गते सौर्य दैनिकमा छिपहरमाई गाउँपालिकाको बोलपत्र आह्वानको सूचना प्रकाशन गरी सो को अधिकारिक जानकारी के.एस. मल्टिपर्पोज प्रा.लि. वीरगंजले मिति २०७९।१०।१८ मा छिपहरमाई गाउँपालिकामा पठाएको देखिएकोमा मिति २०७९/१०/१७ गते मंगलबार, बर्ष ११, अंक ३३५ मा प्रकाशित सौर्य दैनिक पत्रिकाको पृष्ठ संख्या ३ मा छिपहरमाई गाउँपालिकाका ठेक्का नं.१८/०७९/०८०, ठेक्का नं.१९/०७९/०८० र ठेक्का नं.२०/०७९/०८० को बोलपत्र आह्वानको सूचना प्रकाशन भएको देखिए तापनि प्रेस काउन्सिल नेपालको पत्रसाथ संलग्न ऐ. पत्रिकाको ऐ. मितिको प्रमाणित Hard Copy र PDF प्रति तथा सौर्य दैनिक पत्रिकाको मिति २०८२/०१/१० गतेको पत्र साथ संलग्न ऐ. पत्रिकाको ऐ. मितिको प्रमाणित प्रतिको पृष्ठ नं. ३ मा छिपहरमाई गाउँपालिकाको कुनै सूचना प्रकाशन भएको नदेखिएको, यसरी सूचना विवरण लुकाउने मनसायले गाउँपालिका अध्यक्ष मनोज कुमार लगायतका राष्ट्रसेवक कर्मचारी तथा के.एस. मल्टिपर्पोज प्रा.लि. वीरगंजको संचालक कमल उपाध्यायको मिलोमतोमा योजनाबद्ध किसिमले बदनियत चिताई बोलपत्र आह्वानको झुट्टा सूचना मिति २०७९/१०/१७ गते सौर्य दैनिकमा प्रकाशित गरी सो वापत के.एस.मल्टिपर्पोज प्रा.लि.वीरगंज, पर्सालाई रु.२,३३,९१०।- भुक्तानी गरे गराएको देखिंदा गैरकानूनी लाभ वा हानी पुऱ्याउने बदनियतले कार्य कसूर गरेको पुष्टि भएको।

त्यसैगरी, छिपहरमाई गाउँपालिकाबाट प्राप्त, मिति २०७९/११/१८ गते छिपहरमाई गाउँपालिकामा खरिद इकाई समितिको निर्णयमा चालु आ.व. २०७९/०८० को लागि दलित आवास भवन निर्माणको लागि वोलपत्रको सूचना राष्ट्रिय स्तरको सौर्य दैनिक (Saurya National Daily) पत्रिकामा मिति २०७९/११/१९ गते प्रकाशन गर्ने निर्णय गरी मिति २०७९/११/१८ गते नै गाउँपालिका अध्यक्ष मनोज कुमारबाट टिप्पणी सदर गरी वोलपत्र आह्वानको सूचना प्रकाशनको लागि के.एस. मल्टिप्रपोज प्रा.लि. वीरगंज पर्सालाई कायदिश दिएको र मिति २०७९/११/१९ गते सौर्य दैनिकमा सूचना प्रकाशन गरी सो को अधिकारिक जानकारी के.एस. मल्टिपर्पोज प्रा.लि. वीरगंजले मिति

२०७९/११/२० गते छिपहरमाई गाउँपालिकामा पठाएको देखिएकोमा, मिति २०७९/११/१९ गते शुक्रबार, बर्ष १२, अंक १२ मा प्रकाशित सौर्य दैनिक पत्रिकाको पृष्ठ संख्या ३ मा छिपहरमाई गाउँपालिकाका ठेक्का नं.२१/०७९/०८० र ठेक्का नं.२२/०७९/०८० को बोलपत्र आह्वानको सूचना प्रकाशन भएको देखिएतापनि प्रेस काउन्सिल नेपालको पत्रसाथ संलग्न ऐ. पत्रिकाको ऐ. मितिको प्रमाणित Hard Copy र PDF प्रति तथा सौर्य दैनिक पत्रिकाको मिति २०८२/०१/१० गतेको पत्रसाथ संलग्न ऐ. पत्रिकाको ऐ. मितिको प्रमाणित प्रतिको पृष्ठ संख्या ३ मा छिपहरमाई गाउँपालिकाको कुनै पनि सूचना प्रकाशन भएको नदेखिएको, यसरी सूचना विवरण लुकाउने मनसायले गाउँपालिका अध्यक्ष मनोज कुमार एवं कर्मचारीहरु प्रमुख प्रशासकीय अधिकृत सिकिन्द्र प्रसाद साह तथा लेखापाल संजय पटेल तथा के.एस. मल्टिपर्पोज प्रा.लि. वीरगंजको संचालक कमल उपाध्यायको मिलोमतोमा योजनाबद्ध किसिमले बदनियत चिताई बोलपत्र आह्वानको झुट्टा सूचना मिति २०७९/११/१९ गते सौर्य दैनिकमा प्रकाशित गरी सो वापत के.एस.मल्टिपर्पोज प्रा.लि.वीरगंज,पर्सालाई रु.१,९५,४९०/- भुक्तानी गरी जम्मा रु.४,२९,४००।- (चार लाख उनन्तीस हजार चार सय रुपैयाँ मात्र) भुक्तानी गरे गराएको देखिंदा गैरकानुनी लाभ हानी पुऱ्याउने बदनियतले कार्य कसूर गरेकोले देहायका प्रतिवादीहरु उपर देहाय अनुसार सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | छिपहरमाई गाउँपालिकाका अध्यक्ष **मनोज कुमार** | रु.४,२९,४००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरमा बिगो रु. चार लाख उनन्तीस हजार चार सय रुपैयाँ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन साथै निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद-२ बमोजिमको माथि विवेचना गरे तथा मागदावी लिए बमोजिमको कसूरजन्य कार्य गरेको पुष्टि भएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजायसमेत हुन मागदाबी लिइएको छ। |
| २. | छिपहरमाई गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत **सिकिन्द्र प्रसाद साह र** तत्कालीन लेखापाल **संजय पटेल** | **जनही** रु.४,२९,४००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरमा बिगो रु. चार लाख उनन्तीस हजार चार सय रुपैयाँ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ३. | **बिज्ञापन एजेन्सी के.एस.मल्टिपर्पोज प्रा.लि. वीरगंज,** पर्सा तथा उक्त कम्पनीका संचालक **कमल कुमार उपाध्याय** | रु.४,२९,४००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी लाभ प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा मख्य कसूरदारहरुलाई बिगो रु. चार लाख उनन्तीस हजार चार सय रुपैयाँ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्याश बमोजिम मूख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने